आज मिति २०७४।०५।२२ गते राप्ती नगर कार्यपालिकाको आठौ वोर्ड वैठक नगरप्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : कार्यकारी अधिकृत श्री गंगा बहादुर भुजेल

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

प्रस्ताव नं १ एकिकृत सम्पत्ति कर IPT सम्बन्धाम ।

प्रश्ताव न २ इन्जिनियर सेवा करारमा राख्ने सम्बन्धमा ।

प्रश्ताव नं ३ वडा नं. १३ मा कर्मचारी सेवा करारमा राख्ने सम्बन्धमा ।

प्रश्ताव नं ४ Back hoe loader संचालन सम्बन्धमा ।

प्रश्ताव नं ५ खोला टेन्डर रोक्नुको सम्बन्धमा ।

प्रश्ताव नं ६ नगर प्रोफाइल तयार सम्बन्धमा ।

प्रश्ताव नं ७ विषयगत कार्यालयको बजेट सम्बन्धमा ।

प्रश्ताव नं. ८ बाढीले बगाएको सिचाई कुलोहरुको पुन निर्माण तथा मर्मत सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १ एकीकृत सम्पत्ति कर मूल्यांकन बारे छलफलको लागि विरेन्द्रनगर, ब्रम्हनगर, पढरिया, भण्डारा, पिप्ले, बफरजोन, रा.प्रा.वि. चार किल्ला, यौरालीटारमा केन्द्र राखी विस्तृत जानकारी गरी टोल सुधार संस्था गठन भएपछि राख्ने ।

निर्णय नं. २ यस कार्यालयमा सिभिल इन्जिनियर अति आवश्यक भएको हुदा आवश्यक प्रक्रिया पुरा गरि इन्जिनियर सेवा करार राख्ने निर्णय गरियो ।

निर्णय नं. ३ वडा नं. १३ मा कर्मचारी नभएको हुदा तत्कालको लागि ज्यालादारीमा कर्मचारी राख्ने निर्णय गरियो ।

निर्णय नं. ४ अवको दिनबाट Back Hoe loader free cost संचालन नगरी निश्चित दर तोकी मात्र संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ को सन्दर्भमा छलफल हुदा खोला र नदीहरुले ठुलो कटान भई मावन बस्तीमा प्रवेश गर्ने अवस्थामा रहेकोले उक्त स्थानहरुमा पूर्णरुपमा नदी नियन्त्रण कार्य गर्न अनिवार्य आवश्यकता रहेको हुदा उक्त कार्यको लागि तत् स्थानको ढुङ्गा गिरी बालुवा सोही स्थान वा खोला नियन्त्रणको लागि आवश्यक हुने तथा लोथर खोला र राप्ती नदीले ठुलो कटान गरेकोले नदी नियन्त्रण गर्न तहाँको ढुङ्गा सोही प्रयोजनको लागि आवश्यक हुने हुदा हाल जिल्ला समन्वय समितिबाट गरिएको उक्त स्थानहरुको ढुङ्गा, गिटी, बालुवाको ठेक्का स्थगन गर्न अनुरोध गरी नदी नियन्त्रण कार्य सम्पन्न भए पछि नियमानुसार कार्य अगाडी बढाउन अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ६ नगर प्रोफाइलको लागि पूर्व फर्मेट तयार गरी प्राय वडाबाट गणक छनौट गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७ विषयगत कार्यालयहरुको लागि एकमुष्ट बजेट रकम रु२,९५,०००००। (Basket fund) राखि कार्यक्रम माग गरि आवश्यकता र आचित्यको आधार बजेट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ क्षतिको सूचना प्राप्त कुलोहरुमा प्राविधिक खटाई ल.ई. बमोजिम प्राथामिकताको आधारमा बजेटको अवस्था समेत हेरी निर्माण तथा मर्मत गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।